





# सुधारिएको प्रविधि, सुध्रिदो जिवनस्तर

## वातावरण मैत्री गाउँ कार्यक्रमका प्रभाव कथाहरू

CRT

CISU CIVIL SOCIETY IN DEVELOPMENT

| | |
|---|---|
| प्रकाशक | ग्रामीण प्रविधि केन्द्र, भनिमण्डल, ललितपुर |
| संस्करण | पहिलो, २०७५ |
| लेखकहरू | शोभना महर्जन, सुवास लामिछने र महेश श्रेष्ठ |
| आवरण तस्विर | महेश श्रेष्ठ |
| भित्री तस्विरहरू | महेश श्रेष्ठ र सुवास लामिछाने |
| डिजाइन तथा प्रकाशन | ग्रोइनोभा (www.growinnova.com) |

# प्राक्कथन

ग्रामीण प्रविधि केन्द्रले विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ–संस्थाहरूसँगको समन्वय, परामर्श एवं सहकार्यमा वातावरणमैत्री स्थानीय प्रविधिहरूबारे अध्ययन, अनुसन्धान, विकास तथा विस्तारसम्बन्धी थुप्रै गतिविधिहरू सञ्चालन गर्दै आइरहेको छ । खासगरी दुर्गम ग्रामीण समुदायहरूलाई लक्षित गरी उनीहरूको लैङ्गिक, सामाजिक, आर्थिक उन्नतीद्वारा जीवनस्तरमा सुधार ल्याउनका लागि उपयुक्त प्रविधिहरूको विस्तारसँगै ज्ञान, सीप र क्षमता अभिवृद्धिमा विशेष जोड दिँदै आएको छ ।

विश्वव्यापी रूपमै पर्यावरणमा परिरहेको जलवायु परिवर्तनका असरहरूबाट प्रत्यक्ष रुपमा गरिव तथा सीमान्तकृत समुदायका मानिसहरू प्रभावित बनिरहेका सन्दर्भमा, स्थानीय साधन श्रोतहरूको परिचालन मार्फत कम खर्चमा नै उनीहरूको जीवीकोपार्जनमा तत्काल राहत पुर्याउन सक्ने वातावरणमैत्री सरल प्रविधिको विस्तारका लागि विभिन्न निकायहरूसँग समन्वय परामर्श एवं सहकार्य गर्दै समुदायहरूको आर्थिक सामाजिक सशक्तिकरणमा सहयोग पुर्याउनु नै ग्रामीण प्रविधि केन्द्रको मुख्य लक्ष्य हो ।

यसै सिलसिलामा कार्वन उत्सर्जन न्यूनिकरण सहितको गाउँ विकास मार्फत गरीवी न्यूनिकरण भन्ने अवधारणा अन्तर्गत, डेनमार्क स्थित संस्थाहरू 'सिभिल सोसाईटि इन डेभलपमेन्ट- CISU' को आर्थिक सहयोग तथा 'डेनिस ईन्टरनेसनल ह्यूमेन सेटलमेन्ट सर्भिस- DIB' र 'ईन्टरनेसनल नेटवर्क फर सस्टेनेवल ईनर्जी- INforSE' को पहल एवं सहजिकरणमा दक्षिण एशियाका ४ वटा देशहरू भारत, श्रीलङ्का, बङ्गलादेश र नेपालमा 'कार्वन न्यूनिकरण एवं विपन्न केन्द्रित दिगो वातावरणमैत्री गाउँ विकासका लागि स–प्रमाण पैरवी' कार्यक्रमको पहिलो चरण जनवरी सन् २०१५ देखि सुरु भई जुलाई सन् २०१७ मा सम्पन्न भएपछि सुरु भएको दोस्रो चरण Advocating for upscaling for local climate solutions as "Eco-Village Development" as a mean to strengthen pro-poor Climate agenda in south Asia पनि ३१ अक्टोर सन् २०१८ देखि सम्पन्न भएको छ ।

ग्रामीण क्षेत्रहरूमा उर्जा, खाद्यान्न, पानी तथा जीविकोपार्जन सुरक्षाका लागि उपयुक्त एवं ग्रामीण समुदायहरूद्वारा सहज रुपमा अपनाउन सकिने विभिन्न विकल्पहरूलाई एकिकृत रुपमा समावेश गर्दै जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूलाई घटाउन तथा जीविकोपार्जनका राम्रा अवसरहरू प्राप्त गर्न ग्रामीण समुदायहरूलाई सशक्त रुपमा सहयोग पुर्याएको छ । अतः यसै सन्दर्भमा, कार्यक्रम अन्तर्गत ग्रामीण समुदायहरूद्वारा सहज रुपमा अवलम्वन गरी उनीहरूको जिविकोपार्जनमा उल्लेखनीय सफलताहरू हासिल हुन सकेका केही प्रतिनिधि घटनाहरूलाई समेटी यो पुस्तिका तयार पारिएको छ । यसबाट स्थानीय समुदायहरू लगायत अन्य पाठकहरूले ती वातावरणमैत्री विकल्पहरूबारे व्यावहारिक ज्ञान तथा जानकारी हासिल गर्नेछन् भन्ने अपेक्षा राखिएको छ । सहयोग र सहकार्यका लागि सम्बन्धित सवैलाई हार्दिक धन्यवाद ।

**ग्रामीण प्रविधि केन्द्र, भनिमण्डल, ललितपुर**

# वातावरणमैत्री गाउँ विकास मार्ग तर्फ बेथानचोक गाउँपालिका

काभ्रेपलाञ्चोक जिल्लाको बेथानचोक गाउँपालिका वातावरणमैत्री गाउँ बन्न उन्मूख भएको छ । जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण सहितको वातावरण संरक्षण, नवीकरणीय उर्जा प्रविधिहरूको प्रवर्द्धन तथा विस्तार, फोहरमैला व्यवस्थापन लगायत प्राङ्गारिक कृषि प्रविधिहरूको प्रवर्द्धन जस्ता वहु–विकल्पहरूलाई एकिकृत रूपमा समेटिएको संयुक्त अभ्यासलाई 'वातावरणमैत्री गाउँ विकास अवधारणा' भन्ने गरिन्छ । सोही अवधारणाको अवलम्वन गरी सो गाउँपालिका आफूलाई वातावरणमैत्री गाउँपालिका घोषित गर्न अग्रसर छ ।

ठूला–ठूला भौतिक पूर्वाधारहरूको निर्माण बिना 'विकास' सम्भव नदेख्ने परम्परागत आम बुझाइमा एउटा फरक सोच सहितको व्यवहारिक अभ्यास सुरु गरेको छ, बेथानचोक गाउँपालिकाले । यस अवधारणाको कार्यान्वयनमा ग्रामीण प्रविधि केन्द्र, भनिमन्डलले प्राविधिक सहयोग सहितको सहजीकरण गरेको थियो भने बेथानचोक गाउँपालिकाले समग्र कार्यक्रमको अगुवाई लिएको थियो । यस बाहेक गाउँपालिकाले कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्बन्धित सरकारी तथा गैरसरकारी निकायहरूसँग आवश्यक समन्वय, परामर्श एवं सहकार्य गर्दै आएको छ ।

वातावरणमैत्री विकास अवधारणाअन्तर्गत सन् २०१५ देखि ग्रामीण प्रविधि केन्द्र र तत्कालिन जिविस तथा सम्बन्धित गाविसहरू बीचको सहकार्यमा काभ्रे जिल्लाका साविकका ३ वटा गाविसहरू– च्याम्राङबेशी, ढुङ्खर्क र चलाल गणेशस्थानबाट नमूनाको रूपमा सुरु भएको 'कार्वन न्यूनिकरण एवं विपन्न केन्द्रित दिगो वातावरणमैत्री गाउँ विकासका लागि स–प्रमाण पैरवी' अर्थात् ईको भिलेज डेभल्पमेन्ट कार्यक्रमलाई गाउँपालिकाले स्वामित्व ग्रहण गर्दै हाल यसलाई स्थानीय स्तरमा जलवायु अनुकूलन वा समाधानका उपाय स्वरूप वातावरणमैत्री गाउँ विकासलाई माध्यम बनाई पैरवी गर्न सम्पूर्ण गाउँपालिकाहरूमा विस्तार गर्ने योजना बनाएको छ । कार्यक्रमको पहिलो चरणमा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूसँगको सहकार्य मार्फत नेपाल सरकारद्वारा घोषित 'वातावरणमैत्री स्थानीय शासन प्रारूप– २०७०' ले निर्दिष्ट गरेका विषयहरू जस्तैः नविकरणीय उर्जा, प्राङ्गारिक खेतीमा आधारित कृषि प्रविधिहरू, प्लाष्टिक



टनेल खेती, पोखरी निर्माण तथा माछापालन, गोठ सुधार एवं पशु मलमूत्र व्यवस्थापन, आकाशे पानी सङ्कलन तथा सदुपयोग, सरसफाई एवं घरायसी फोहर व्यवस्थापन लगायत वातावरण संरक्षण तथा जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनसम्बन्धी विभिन्न ठोस निर्माण कार्यहरू सम्पन्न भएका छन् । जसबाट महिला, युवा र सीमान्तकृत समुदायका प्रतिनिधित्व सहित १०८ घरधुरीहरू प्रत्यक्ष लाभान्वित भएका छन् ।

त्यसैगरी, दोस्रो चरणमा वातावरणमैत्री अवधारणाबारे विभिन्न तहमा लाभान्वित समूह, साझेदारहरू, नीति निर्माताहरू आदिसँग ज्ञान तथा जानकारीहरूको आदानप्रदान, छलफल, अन्तर्क्रिया, वहस तथा पैरवी जस्ता गतिविधिहरू सञ्चालन भएका थिए । जसको फलस्वरूप बेथानचोक गाउँपालिका आफूलाई वातावरणमैत्री नमूना गाउँका रूपमा चिनाउन अग्रसर समेत भएको छ ।



# वातावरण मैत्री गाउँ अवधारणालाई अवलम्वन गर्दै स्थानीय सरकार

सन् २०१५ देखि काभ्रेको बेथानचोक गाउँपालिकामा सञ्चालित वातावरण मैत्री गाउँ विकास कार्यक्रमको प्रभावलाई आत्मसाथ गरी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७५/७६ को नीति तथा मार्गदर्शन– २०७५ मा समेत वातावरण मैत्री गाउँ अवधारणाका केही महत्वपूर्ण पक्षहरूलाई समेटी सो अवधारणा अन्तर्गतका गतिविधिहरूका लागि कुल बजेटको ५% बजेट (१० लाख रूपैंया) छुट्याएको छ ।

वातावरण मैत्री गाउँ अवधारणा अन्तर्गत स्थानीय प्राकृतिक स्रोत तथा नविकरणीय उर्जाहरूको को समूचित उपयोग गरी, सुधारिएको कृषि प्रणाली अपनाई, वन व्यवस्थापन, जल तथा फोहोर व्यवस्थापन गरी स्थानीय समुदायको जिविकोपार्जनमा सकारात्मक प्रभाव पार्ने उद्देश्यका साथ सञ्चालित परियोजनाबाट १०८ घुरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

देश संघियतामा गएसँगै स्थानीय स्तर अझ शक्तिशाली भएको परिप्रेक्ष्यमा काभ्रे जिल्लाको बेथानचोक गाउँपालिकाले गाउँपालिकाका चलाल गणेशस्थान, ढुङ्खर्क र च्याम्ड्राङबेशी मध्ये कुनै एक गाउँलाई वातावरण मैत्री नमूना गाउँका रूपमा विकास गर्ने कटिवद्धता देखाएको छ । हालै निर्वाचित स्थानीय सरकारका प्रतिनिधिहरूले समेत यसलाई व्यवहारमा उतार्न प्रतिवद्धता जाहेर गरेका छन् ।

बेथानचोक गाउँपालिका, काभ्रेपलाञ्चोकको आर्थिक वर्ष २०७५/७६ को नीति, मार्गदर्शन, कार्यक्रम तथा बजेटमा वातावरण मैत्री गाउँ, कृषि, वातावरणसम्बन्धी नीतिहरूलाई संक्षिप्तमा बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ।

» भू–उपयोग नीति बनाई कृषि, खानी, जडिबुटी, व्यापारिक, बस्ती आदी क्षेत्रको बर्गिकरण गरी भूमिको बैज्ञानिक व्यवस्थापन गरिनेछ ।

» पशुजन्य उद्योग एवं कृषिमा व्यवसायिकरण गरिनेछ । मौरी, आलु, मकै, कफी आदि पकेट क्षेत्र तोकिनेछ । एक वडा एक उत्पादनको अवधारणालाई आत्मसात गरिनेछ ।


» रासायनिक मल तथा बिषादीको प्रयोगलाई न्यूनिकरण गरी अर्ग्यानिक कृषि उत्पादनमा जोड दिईनेछ ।

» बेमौसमी तरकारी उत्पादनमा टनेल र साना सिंचाइको प्रयोग गरिनेछ ।

» प्राकृतिक श्रोतको उपयोग तथा आर्थिक विकासका अभियानमा स्थानीय जनसहभागितालाई जोड दिईनेछ ।

» वन, वातावरण र जलाधार संरक्षण नीती बनाई लागू गरिनेछ ।

» “एक घर ५ रुख, एक नेपाली एक फलफूलको विरुवा रोपण” अभियान अनुसार आवश्यक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।




» वातावरण सन्तुलन मार्फत जलवायु परिर्वतनको असर न्यूनीकरण गर्दै नवीकरणीय उर्जामा जोड दिई १ घर १ सुधारिएको चुलो कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउने ।

» प्लाष्टिक लगायत वातावरणमा प्रतिकूल असर पुर्याउने साधनहरूको प्रयोगमा निरुत्साहन गर्दै सरकारी कार्यालयहरूलाई प्लाष्टिक मुक्त क्षेत्र घोषणा गरी वातावरण मैत्री श्रोत तथा साधनको प्रयोगमा बढावा दिईनेछ ।

» जलाधार क्षेत्रको पहिचान, सम्वर्धन र विकास गर्ने विशेष पहल गरिनेछ ।

» फोहोर मैला व्यवस्थापन तथा सरसफाई सम्बन्धि नीति तथा कार्यविधि निर्माण गरी लागू गरिनेछ ।



बेथानचोक गाउँपालिकामा वातावरणमैत्री गाउँ विकास कार्यक्रमको उच्च प्रभाव रहेको छ । ग्रामीण प्रविधि केन्द्रले यस कार्यक्रमको शुरुवाती समयदेखि नै यस बेथानचोक गाउँपालिका मा वातावरणमैत्री विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको छ । स्थानीय जैविक विविधता व्यवस्थापन, सीपमूलक तालिमहरू आदिलाई स्थानीय कृषकहरूले एकदमै रूचाएका छन् । हामी ग्रामीण प्रविधि केन्द्रप्रति आभारी छौं । र भविष्यमा पनि यस्ता गतिविधिहरूलाई अवलम्वन तथा विस्तार गर्न हामी ईच्छुक छौं ।

प्रेमबहादुर तिमिल्सिना, अध्यक्ष
बेथानचोक गाउँपालिका, काभ्रे



यस बेथानचोक गाउँपालिकामा सञ्चालित कार्यक्रमहरू मध्ये वातावरणमैत्री गाउँ विकास कार्यक्रम एक उल्लेखनीय परियोजना हो । यस परियोजनाले यहाँको पर्यावरण तथा जैविक विविधताको सुधार गर्न यहाँका स्थानीय गाउँपालिका तथा स्थानीय सङ्घ संस्थासँग गरेको समन्वय पारदर्शी एवं प्रभावकारी छ । यस परियोजनाले सञ्चालनमा ल्याएका गतिविधिहरू महिला एवं युवा मैत्री छन् । यसले विभिन्न समयमा सञ्चालनमा ल्याएका विविध सीपमूलक तालिम तथा क्षमता अभिवृद्धि गर्ने गतिविधिहरूले बेरोजगार युवा तथा कृषकहरूलाई संलग्न गराई कृषि प्रणालि, वातावरणमैत्री प्रविधिहरू आदिका बारेमा जानकारी दिने, सीप तथा दक्षता अभिवृद्धि गरी उनीहरूलाई स्थानीय वातावरणको संरक्षण गरी जलवायु परिवर्तन अनुकूलित बनाउन उन्मूख गरेको छ । यति मात्र नभै यस परियोजनाले व्यावसायिक कृषि मार्फत स्थानीय कृषहरूको जिविकोपार्जन सुधारमा समेत टेवा पुर्याएको छ ।

यस परियोजनाको सिकाई तथा उपलब्धिलाई ध्यानमा राखी भविष्यमा यस बेथानचोक गाउँपालिकालाई नै वातावरणमैत्री नमूना गाउँका रूपमा विकास गर्ने योजना समेत हामीले राखेका छौं ।

सरिता लामिछाने, उपाध्यक्ष
बेथानचोक गाउँपालिका, काभ्रे




# सुधारिएको प्रविधि, सुधिद्रो जिवनस्तर

बेथानचोक गाउँपालिका, ढुङ्खर्क, चनौटेका स्थानीय कृषक रामबहादुर श्रेष्ठ (६६ वर्ष) आँखा देख्नु हुन्न । वहाँको घरभन्दा केही तल खोचमा एउटा पानी घट्ट छ । सो पानी घट्टसम्म पुग्न एउटा खहरे खोला र सोही खोलाको पुल तर्नुपर्छ । तर वहाँ कसैको सहारा बिना खुट्टाले चाल मार्दै र हातले छामछाम–छुमछुम गर्दै त्यहाँसम्म निर्धक्क पुग्नुहुन्छ । वहाँ उक्त पानी घट्टमा कुटानी पिसानी भर्न आउने गाउँलेहरूलाई सहयोग गर्नुहुन्छ र आफ्ना लागि चाहिएको कुटानी पिसानी समेत आफै गर्नुहुन्छ । पहिलेको परम्परागत पानी घट्टलाई ग्रामीण प्रविधि केन्द्रले प्राविधिक तथा आर्थिक सहयोग पुर्याई सुधार्न मद्दत गरे पछि उहाँलाई अझै सजिलो भएको बताउनु हुन्छ ।

उक्त सुधारिएको पानी घट्टबाट चनौटेका २७ घरधुरी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । साथै सो गाउँ वरपरका गाउँलेहरू पनि सोही मिलमा अन्न पिस्न आउने गर्छन् र अन्न पिसे बापत ज्याला दिने गर्दछन् । उठेको ज्याला भने सोही घट्ट व्यवस्थापनका लागि स्थापना भएको घट्ट व्यवस्थापन समूहमा जम्मा हुने गरेको छ ।

रामबहादुरकी श्रीमती पुतली माया श्रेष्ठले पनि उनलाई पानी घट्ट चलाउन सहयोग गर्दै आएकी छिन् । अहिले सुधारिएको पानी घट्ट पाएर दुबैजना धेरै खुशी छन् ।

उनीहरूले सुधारिएको पानी घट्टबाट लाभ त लिईरहेकै छन्, त्यसबाहेक घरमा जडित सोलार बिजुली प्रणालि, सुधारिएको चुलो, तथा घरबगैंचा व्यवस्थापनले समेत उनीहरूको जिवनशैलीमा सुधार तथा सहयोग पुर्याउँदै आएको छ । सोलारबाट चल्ने बिजुलीले लोडसेडिङ हुने समयमा धेरै नै सहयोग पुगेको पुलतीको अनुभव छ ।



२०७३ जेठमा सुधारिएको पानी घट्ट जडान गरिएको हो ।

सो घट्ट सुधार्न १७,००० रूपैंया लागेको थियो । जसमध्ये १०,००० रूपैंया SNV को सहयोगमा ग्रामीण प्रविधि केन्द्रद्वारा सञ्चालित परियोजनाले सहयोग गरेको थियो । विष्णुबहादुर श्रेष्ठको रेखदेखमा सञ्चालित पानी घट्टबाट २७ घरधुरीले लाभ लिईरहेका छन् ।

चनौटेका कृषकहरूले ग्रामीण प्रविधि केन्द्रले बनाईदिएको हाईड्रोलिक र्याम पम्पबाट पनि लाभ लिईरहेका छन् ।

खासगरी बस्ती भन्दा तल बगिरहेको पानीलाई माथि पठाउनको लागि प्रयोग गरिने हाईड्रोलिक र्याम पम्प (हाइड्राम) प्रविधि कुनै पनि बाहिरी शक्ति वा उर्जाको प्रयोग विना पानीकै मात्र शक्तिबाट चल्ने स्वचालित प्रविधि हो । यसमा कम उचाईबाट पम्पसम्म खसालिएको धेरै पानीको शक्तिले थोरै मात्र पानीलाई निश्चित उचाई माथिसम्म फ्याँक्दछ । स्वच्छ पिउने पानीको आपूर्ति तथा लघु–सिंचाइ प्रयोजनका लागि उपयुक्त यस प्रविधिले वातावरणमा असर पार्ने खालका कुनैपनि ग्याँस वा रसायनहरु उत्पादन गर्दैन । एकपटक सञ्चालन गरिसकेपछि अन्य कुनै पनि ईन्धनको प्रयोग विना २४ सै घण्टा चल्न सक्ने यो प्रविधिले स्रोतबाट पम्प प्रणालीमा पठाईएको पानीको जम्मा परिमाण मध्ये १० प्रतिशतलाई मात्र आवश्यक उचाईमा पुर्याउँदछ भने बाँकि पानीलाई सम्बन्धित श्रोत तर्फ नै फर्काइदिन्छ । जसले गर्दा उक्त स्रोतमा आश्रित सम्पूर्ण जैविक विविधतालाई कुनैपनि असर पार्दैन ।

हाइड्रामको प्रयोग गरी चनौटेका कृषकहरूले पानी तान्ने र सो पानीलाई पिउन, घरायसी प्रयोजनमा, पशुपक्षीलाई खुवाउन, सरसफाईमा एवं लघु सिंचाइ गर्न समेत प्रयोगमा ल्याउँदै आएका छन् ।

यस प्रविधिको प्रयोग पछि गाउँका खासगरी पानी सङ्कलनका लागि दैनिक रूपमा खट्नुपर्ने महिला तथा केटाकेटीहरूको कार्यबोझ घटेको छ ।



हाइड्रोलिक र्याम पम्पको अवलोकन गर्दै अवलोकनकर्ताहरू



पुतली माया घरायसी सौर्य बत्ती बाली आफ्नो घरलाई उज्यालो पार्दै

पहिले मकै, जौ, गौं, काउली र बन्दा जस्ता बालीहरू मात्र लगाउँदै आएका स्थानीय यममाया श्रेष्ठ (४० वर्ष) ले ग्रामीण प्रविधि केन्द्रकै सहयोगमा कृषिसम्बन्धी ३ दिने तालिम एवं प्राविधिक सहयोग पाएपछि अहिले सुधारिएको ग्रिन हाउस टनेलमा विभिन्न तरकारी बालीहरू लगाउँदै आउनु भएको छ ।

वहाँले बालीमा समेत विविधता ल्याई काउली, मुला, धनिया, लसुन, प्याज, बन्दा, आलु जस्ता तरकारीबाली लगाउँदै आउनु भएको छ । उत्पादन भएका तरकारी आफूले खाने बाहेक बढी भएका तरकारीहरू नजिकको बजारमा लगेर बेच्ने समेत गर्नुभएको छ । कहिले काँही त तरकारी र आलु किन्न व्यापारीहरू उहाँकै घरदैलोमा समेत आउने गर्ने वहाँले बताउनु भयो । तरकारी बेचेर आम्दानी



यममाया ब्याट्रिबाट चल्ने सुधारिएको चुलो चलाउँदै

भएको रकमबाट  घरखर्च कटाएर छोराछोरीको पठनपाठनमा समेत सहयोग पुगेको वहाँ बताउनु हुन्छ । तरकारी खेती बाहेक वहाँले आफ्नो घरमा सुधारिएको चुल्हो र सोलार समेत राख्नु भएको छ ।

स्थानीय सन्तमाया श्रेष्ठले पनि ग्रामीण प्रविधि केन्द्रको सहयोगमा सुधारिएको चुल्हो प्रयोग गर्दै आउनु भएको छ । वहाँका अनुसार परम्परागत चुल्होमा भन्दा सुधारिएको चुल्होमा दाउरा कम लाग्ने, धुँवा कम हुने, खाना चाँडो पाक्ने जस्ता विशेषताहरू रहेका छन् । यस्ता विशेषताहरूका कारण चुलोचौकामा बढी काम गर्ने महिलाहरूको स्वास्थ्यमा समेत कम असर पर्ने र बचेका समयमा घर तथा खेतीका अन्य काममा आफ्नो समय खर्चन पाएको वहाँको अनुभव छ । दाउरा खोज्न टाढा टाढा जानुपर्ने समस्या समेत अहिले कम भएको छ ।

सन्तमाया, यममाया, पुलती माया र रामबहादुर जस्ता २७ घरधुरीका अन्य स्थानीय कृषकहरू समेत सुधारिएका वातावरण–मैत्री अभ्यास तथा प्रविधिहरू अपनाई आफ्ना जिविकोपार्जन सुधार्न तल्लिन छन् ।



# एउटा तालिमले फेरिदिएको जिवन

काभ्रेपलाञ्चोक जिल्लाको, बेथानचोक गाउँपालिका, चलाल गणेशस्थान, सिक्रिघ्याङ, निवासी निरमाया तामाङ (५५ वर्ष) लाई पहिले आफ्नो परिवारका लागि मात्र तरकारीबाली लगाउने गरेको अनुभव थियो । ३ वर्ष पहिले ग्रामीण प्रविधि केन्द्रले बेथानचोक गाउँपालिकासँग समन्वय गरी सञ्चालन गरेको बहुपयोगी कृषिसम्बन्धी तालिममा सहभागी भएपछि भने निरमायाले खेतीपातीमै धेरैथोक गर्न सकिने रहेछ भनी जानिन्; सिकिन् ।

बहुपयोगी कृषिसम्बन्धी तालिम लिएपछि भने निरमायाले पहिले गर्दै आएको परम्परागत कृषि प्रणालिमा भने सुधार आएको बताइन् । पहिले–पहिले पारिवारीक उपयोगको लागि सागपात तथा केही थरीका तरकारीहरू लगाउने गरिन्थ्यो । पछि कृषि तथा तरकारी उत्पादनसम्बन्धी तालिम पाएपछि भने उत्पादनमा विविधता आएको उनले सुनाइन् ।

हाल आएर मौसमी र बेमौसमी गरी धनिया, सागसब्जी, मूला, बन्दा, काउली, गोलभेडा, सिमी आदि लगाउँदै आएकी निरमायाले सिजन अनुसार ५ देखि १० हजारसम्मको तरकारी बेच्ने गरेको बताइन् । शुरूमा गाउँमा तरकारी खेती गर्न थालेपछि गाउँलेहरूले कुरा काट्न थालेका र फलानाले तरकारी खेती गरेर खान थालेछ भनेर गाउँमा चर्चा समेत चलेको निरमायाले बताइन् । शुरूमा उक्त गाउँबाट तालिम लिने धेरै भएका तर व्यावसायिक कृषिकर्मलाई निरन्तरता दिने भने निरमाया बाहेक केही मात्र रहेको उनले सुनाइन् ।

तरकारी बाहेक फलफूल तथा डाँलेघाँसका बिरूवाहरू पनि लगाएकी छिन् निरमायाले ।


पलास्टिक पोखरी सफा गर्दै निरमाया


भखरै टिपेको बन्दाको डोको बोकी खुशी निरमाया

आफैले गोलभेडाको नर्सरी समेत राखी गोलभेडा खेती गर्दै आएकी उनलाई टनेल बनाउन, यसको मर्मतसम्भार गर्न उनका श्रीमान् सोभितमान तामाङ (५२ वर्ष) ले सघाउँदै आएका छन् । श्रीमान् शारीरिक रूपमा असक्त भएकाले धेरैजसो काममा निरमाया आफै खटिने गरेकी छिन् ।

गाउँबाट केही तल रहेको मूल सडक, खहरेमा रहेको बहिनीको पसलमा लगेर तरकारीहरू छाड्ने तथा बेच्ने गरेको निरमायाले बताइन् । त्यहीबाट अन्य व्यापारीहरूले समेत तरकारीहरू किनेर नजिकको बजार जस्तैः पनौतीसम्म पुर्याउने गर्छन् ।

ग्रामीण प्रविधि केन्द्रको सहयोगमा केही रकम आफैले थपी निरमायाले पलास्टिक टनेल निर्माण गरेका हुन् । परिवारका ससदस्यहरू नै मिलेर बनाएको हुँदा टनेल बनाउँदा त्यती धेरै खर्च नभएको उनले बताइन् । उक्त टनेलमा गोलभेडा उत्पादन गरी राम्रो आम्दानी लिँदै आएकी निरमायाले तरकारी मात्र बेचेर गएको बर्ष १५ देखि २० हजार आम्दानी गर्न सफल भइन् ।

उनले घरमा वर्षातको पानी सङ्कलन गर्ने प्रविधि समेत जडान गरेकी छिन् । वर्षामा परेको पानी ट्याङ्कीमा जम्मा गर्ने र हिउँदमा पानीको अभाव हुँदा तरकारी बालीमा सिंचाइ गर्न प्रयोग गर्ने गरेको निरमायाले बताइन् । साथै उनले आफ्नो बारी नजिकै पलास्टिक पोखरी समेत बनाएकी छिन् । त्यसमा खेर जाने पानी सङ्कलन गरी पानी कम भएको समयमा सिंचाइका लागि उपयोग गर्ने गरेको निरमायाले बताइन् । यसरी निरमायाले पानीको बहुउपयोग समेत गरेकी छिन् ।

“यो तालिम पाएर हामी एकदमै खुशी छौं । पसलमा पाइने सडेगलेको खानु परेको छैन । आफ्नै खेतबारीमा उब्जाएर खाइने तरकारीहरूले स्वास्थ्यमा सुधार पुगेको छ नै, बढी भएको तरकारी बेचेर आर्थिक टेवा समेत पुगेको छ । पहिले नै यस्तो तालिम पाएको भए यो गाउँको मुहार नै अर्को भईसक्थ्यो अहिलेसम्ममा ।” निरमायाले खुशी हुँदै बताइन् ।



# जसले समुदायमै अवसरहरू देखे

गाउँमा उपयुक्त अवसर नदेखेर अधिकांश युवाहरू विदेशतिर भौतारिई रहेका बेला बेथानचोक गाउँपालिका वडा नं ४, चलाल सिक्रिघ्याङका एक युवा रामबहादुर तामाङ (३६ वर्ष) लाई भने अहिले गाउँमै भ्याई–नभ्याई छ ।

त्यसो त उनी मात्र विदेश जाँदै नगएका व्यक्ति होइनन् बरु विदेश बस्दाको भोगाइबाट पाठ सिकेर आफ्नै देशमा केही गर्नुपर्छ भन्ने अठोट लिएर फर्किएका एक स्वावलम्बी नागरिक हुन् । गाउँका अन्य युवाहरू जस्तै उनी पनि साउदी अरेबिया र मलेशियामा ५ वर्षसम्म बसेर दुई वर्ष पहिले मात्र घर फर्किएका हुन् । तर विदेश बस्दा गर्नुपरेको मेहनत र सिकाईले उनलाई यस्तो बनाइदियो कि, घर फर्किसकेपछि पैसा कमाउनका लागि विदेशमै जानुपर्छ भन्ने लागेन र गाउँमै बसेर अवसरहरूको खोजी गर्न थाले । यसै मेसोमा उनले पहिल्याएका विभिन्न पेशा व्यवसायहरू मध्ये मौसमी तथा बेमौसमी प्राङ्गारिक तरकारी खेती पनि एक हो । तर, सुख्खा मौसममा खानेपानीकै लागि धौ–धौ पर्ने गाउँमा सिंचाइ गर्ने पानी कहाँबाट ल्याउनु ? उनी विकल्प सोच्दै थिए, “जहाँ ईच्छा, त्यहाँ उपाय ।” भने झैं गाउँमा सञ्चालित वातावरणमैत्री गाउँ विकास कार्यक्रममार्फत सार्वजनिक धारा एवं घरायसी प्रयोगबाट खेर जाने पानी र वर्षातको समयमा आकासबाट पर्ने पानीलाई प्लाष्टिक पोखरीमा जम्मा पारी त्यसलाई लघु सिंचाइ प्रविधि मार्फत तरकारी खेतीमा प्रयोग गर्न सकिने उपाय उनले सिके । यस बाहेक भर्खरै मात्र ‘घर वरपर खेर गइरहेको पशुमलमुत्र तथा जैविक फोहरहरूबाट कम्पोष्ट मलको उत्पादन एवं



बिमला आफ्नो बारीमा उत्पादन भएका बन्दा टिप्दै



राम र बिमला आफ्नो तरकारी बारीमा खुशी हुँदै

स्थानीय जडिबुटीहरूबाट घरायसी विषादिहरूको निर्माण तथा प्रयोग' सम्बन्धी तालिम पाए पछि त रामबहादुरका लागि 'ढुङ्गा खोज्दा देउता मिले झैं' भयो । रामबहादुरले आफ्नै घरआँगनमा कम्पोष्ट मल तथा जैविक विषादिहरू तयार गर्न थालेका छन् । हालसम्म भने उनले तरकारी खेतिमा परम्परागत गोवरमल मात्र प्रयोग गर्दै आएका थिए ।

आकासे पानीको भरमा बर्ष भरीमा एउटा मात्र बाली (मकै) लाग्ने भिरालो डाँडामा रहेको पाखोबारीमा यसरी वर्षभरी नै बेमौसमी तरकारी खेती गर्न सकिन्छ भनेर रामबहादुरलाई सुरुमा पत्यारै लागेको थिएन । तर, ग्रामीण प्रविधि केन्द्रको सहजिकरण एवं विभिन्न निकायहरूसँगको सहकार्यमा सञ्चालित 'वातावरणमैत्री गाउँ विकास कार्यक्रम' मार्फत जब घरायसी फोहरहरूको व्यवस्थापन, खेर जाने पानीको सङ्कलन तथा सदुपयोग, करेसाबारी व्यवस्थापन एवं प्राङ्गारिक तरकारी खेती प्रवर्द्धनबारे उनकी श्रीमती विमला तामाङ (३५ वर्ष) ले दुई वर्ष पहिले गाउँमै तालिम सँगै ग्रामीण प्रविधि केन्द्रको सहयोग र आफ्नो लगानीमा ५०० लिटरको प्लाष्टिक ड्रम प्राप्त गरिन्, तब उनलाई तरकारी खेती गर्नमा हौसला मिल्यो । आकासबाट परेको पानी र घरायसी प्रयोग पछि धाराबाट खेर जाने पानीलाई प्लाष्टिक ड्रममा जम्मा पारी लघु सिंचाइ विधिद्वारा तरकारी खेतीमा प्रयोग गर्न सकिने विकल्प पाएपछि गएको साल विमलाले परिक्षण स्वरूप तीन सय रूपैंयाको बन्दा गोभीका विरुवाहरू बेमौसमी उत्पादनका लागि लगाएकी थिईन् । पहिलो प्रयासमै विमलाको बन्दा गोभी खेती सोचे भन्दा धेरै राम्रो त भयो, तर पर्याप्त प्राविधिक ज्ञानको अभावमा बाली टिप्ने समय अलि ढिला हुन जाँदा वर्षातको पानीले केही उत्पादनमा क्षती पुग्यो । यद्यपिः वर्षभरीमा जम्मा दुई हजारको मकै नफल्ने बारीबाट उनले ३ महिनामा नै नगद रु. २४,०००/- (चौबिस हजार रूपैंया) कमाउन सफल भईन् । यसबाट सफलता पाएकी विमलाकै कारण विदेश गएका श्रीमान् पनि घर फर्केपछि बारीमा नै पोखरी बनाएर दुवैजना मिलेर व्यावसायिक तरकारी खेती सुरु गरि सकेका छन् । तर उनीहरूले यस बर्ष वि.सं. २०७२ को भूकम्पबाट भत्किएको घर निर्माण गर्नु परेकाले सोचे अनुरूप तरकारी खेती गर्न सकेका छैनन् । आगामी बर्षदेखि भने तरकारी खेतीलाई व्यापक रूपमा विस्तार गर्ने उनीहरूले योजना बनाएका छन् ।



# बुद्धचित्त मालाले बनायो लोकबहादुरलाई धनी

## लगाएको दुई वर्षमै चारवटा बोटबाट ३–लाख कमाई

माथिको तस्वीरमा देखिएका व्यक्ति, बेथानचोक गाउँपालिका वडा नं ४, चलाल सिक्रिघ्याङ काभ्रे (५३ वर्ष) का लोकबहादुर तामाङ हुन् । जेठी छोरीको बिहे भैसकेकाले हाल एक छोरा, एक छोरी र श्रीमती गरी जम्मा चारजना परिवारका मुली, उनको गाउँमा जाँदा, प्रायः करेसावारी वरपर केही न केही काम गरिरहेका भेटिन्छन् । सानै उमेरदेखि कृषि पेशालाई अँगाल्दै आएका उनलाई उमेरले बुढो बनाउँदै लगेता पनि आधुनिक कृषि प्रविधिहरूबारे जानकारी लिन र त्यसलाई व्यवहारमा उर्तानमा भने गाउँका कुनै युवाले अहिलेसम्म भेट्न सकेका छैनन् ।

परम्परागत अन्नबालीको विकल्प नदेखेको समुदायमा चाहे फलफूल तरकारी खेतीको शुरुवात गर्नमा होस् या मूल्यवान वनस्पतीहरू हुर्काउनमा होस्, लोकबहादुर नै सबैभन्दा अगाडि छन् ।

२०७२ सालको भूकम्पबाट लोकबहादुर सहित उनको गाउँमा ठूलो धनजनको क्षति भयो । जनजीवन कष्टकर बन्दै गएपछि विशेष गरी गाउँका युवाहरू अवसरको खोजिमा धमाधम विदेशीन थाले । यसै मेसोमा उनकी कान्छी छोरी पनि त्यतैतिर लागिन्, छोरो काठमाडौंमा पढ्दै गरेकाले गाउँमा उनी र श्रीमती मात्र बस्नु पर्यो। यसै त परम्परागत कृषिको विकल्प खोजीरहेका लोकबहादुरका लागि काम गर्ने मान्छे नै नभएपछि त बाध्यताले नै कुनै उपाय रोज्नै पर्ने भयो । संयोगबस त्यही समयमा गाउँमा ग्रामीण प्रविधि केन्द्रको सहजिकरणमा 'वातावरणमैत्री गाउँ

विकास कार्यक्रम' सुरु भएकोले, उक्त कार्यक्रम अन्तर्गत वातावरण संरक्षणमा सहयोग पुग्ने गरी आधुनिक कृषि प्रविधिहरूको विस्तार, मूल्यवान वनस्पतिका बिरुवाहरू रोपण, नविकरणीय उर्जा प्रविधिहरूको प्रवर्धन, फोहर व्यवस्थापन जस्ता विषयहरुबारे स्थानीय समुदायहरूको क्षमता विकासका लागि दिईएका तालिमहरूमा सहभागी भएपछि त लोकबहादुरका लागि 'ढुङ्गा खोज्दा देउता मिले झैं' भयो । बुद्धचित्त लगायत मूल्यवान वनस्पतिहरूबारे पहिले पनि केही जानकारी लिएका उनले तालिम लगतै बिरुवाहरू खरिद गरी करेसाबारीमा लगाई हाले ।

अन्यत्र भए, फल्नको लागि सामान्यतः तीन–चार वर्ष लाग्ने बोटबिरुवाहरू लोकबहादुरको लगनशिलता र मेहनतले गर्दा लगभग दुई वर्षमै फल्न सुरु भयो । तीन वर्ष पहिले सरदर रु. ४०० का दरले खरिद गरेर ल्याएका १० वटा बिरुवाहरू मध्ये ४ वटा पोहर सालदेखि नै फल्न सुरु भयो, थप ४ वटा यसवर्ष देखि फल्न थालेका छन् भने, २ वटा बोट भने मर्यो । लोकबहादुरका अनुसार पोहोरसाल उत्पादन भएको फल बिक्री गरेर उनले ३ लाख रूपैंया जति हात पारिसकेका छन् । यसबाहेक उनी आफैंले उत्पादन गरेर हुर्काएका थप २० वटा बिरुवाहरू अर्को वर्षदेखि फल्ने तरखरमा छन् ।

## के हो बुद्धचित्तमाला ?

बुद्धचित्तमाला बुट्यान बर्गमा पर्ने एक किसिमको बहु–बर्षीय आलङ्कारीक बनस्पती हो । समशितोष्ण हावापानीमा छिट्टै बढ्ने र बिरुवा लगाएको ३ वर्ष भित्रै फल दिन सक्ने गुण भएको यसको फलबाट बनेको माला खासगरी बौद्ध धर्मावलम्बीहरूका लगि निकै पवित्र मानिन्छ । पाकेको फलका एकै साईज वा आकारका १०८ वटा दानाहरूलाई मिलाई निश्चित विधिद्वारा एउटा सुन्दर माला बनाईन्छ भने, यसलाई बौद्धमार्गीहरूले विशेष महत्वका साथ धारण गर्दछन् ।

फलको साईजको आधारमा मूल्य निर्धारण हुने १०८ दानाको मालामा जति मसिनो र समाना आकारका दाना त्यति महङ्गो र जति मोटो दाना त्यति नै सस्तो



पर्ने कुरा लोकबहादुर बताउँछन् । उनका अनुसार सवैभन्दा मसिनो साईज (७–मि.मि) को एउटा मालालाई २,००,००० (दुई लाख) भन्दा माथि पर्दछ भने, धेरै मोटो साईजको माला (१२–मि.मि भन्दा ठूलो) लाई चार–पाँच सय मात्र पर्दछ ।



लोक बहादुर तामाङ

बिरुवाहरू छिटो हुर्कियोस् भनेर लोकबहादुरले बढी मलजल र स्याहार गरेका हुनाले गत वर्ष रूखहरूबाट मोटो साईजको दाना मात्र निस्कियो । जसले गर्दा उनले भनेजस्तो मूल्य पाउन सकेनन् । यद्यपिः करिब ५ किलो जति तैयारी दाना बिक्रि गरेर उनले रु. ३,००,००० (तीन लाख) जति चाहीँ हात पार्न सफल भए । यो वर्ष उनले पोहर साल भन्दा धेरै कमाउने लक्ष्य त राखेका छन्, तर पनि मलिलो जग्गामा लगाएका बिरुवाहरूबाट यसबर्ष पनि बढि मूल्य पर्ने मसिनो साईजका फलहरू भने कमै मात्र फल्ने उनको अनुमान छ । तैपनि उत्पादन नै बढ्ने भएपछि आम्दानी पनि स्वभाविक रूपमा बढ्नेमा चाहिँ उनी ढुक्क छन् । तर सबैतिर उत्पादन बढ्न थालेपछि बजार मूल्य घट्ने हुनाले सधैं एकैनाशको कमाई नहुन सक्ने उनको आशङ्का छ ।

यसरी, सानो खर्चमा एकपटक लगाएका बिरुवाहरूबाट बिना कुनै थप लगानी धेरै वर्षसम्म निरन्तर रूपमा राम्रो आम्दानी हुने भएपछि लोकबहादुरलाई बुद्धचित्त मालाले विस्तारै धनी बनाउँदै लैजाने उनको विश्वास छ । निर्वाहमूखी परम्परागत कृषिको विकल्पमा उनले अपनाएका उपायबाट गाउँघरमै बसेर कम मेहनतमा नै विदेशको कमाई हुन थालेपछि गाउँमा पहिले उनलाई नपत्याउनेहरू अहिले पछुताउन थालेका छन् भने कतिपय दङ्ग परी उनको अनुसरण गर्ने पनि छन् ।

## आम्दानी वृद्धिसँगै सुधार हुँदै गएको लोक बहादुरको जीवनस्तर

विवेक र मेहनत लगाएर नयाँ कामबाट आम्दानी बढाउन मात्र होईन आवश्यकता अनुसार कमाईको सदुपयोग गर्न पनि उत्तिकै अगाडि छन् लोकबहादुर । २०७२ सालको भूकम्पबाट पुरानो घर नष्ट भएपछि अस्थायी छाप्रोमा बस्दै आएका उनले नयाँ घर निर्माणका लागि सरकारबाट प्राप्त हुने अनुदान र आफ्नो कमाई मिलाएर अनुमानित रु. १३ लाख जति खर्च गर्ने गरी हालसालै एउटा नयाँ पक्की घरको निर्माण सुरु गरिसकेका छन् । यसमा उनले भूकम्प राहत स्वरूप नेपाल सरकारबाट रु. ३ लाख प्राप्त गर्नेछन् भने बाँकि रकम आफैंले जुटाउँदै छन् । परिवारका अन्य सदस्यहरू आ–आफ्ना पेशा व्यवसायका लागि गाउँ बाहिर रहेकाले घरमा अहिले लोकबहादुर र उनकी श्रीमती मात्र बस्दै आएका छन् ।

## छाप्रोमा पनि सौर्य विद्युत प्रणाली राखेका छन्, लोकबहादुरले

कमजोर वितरण प्रणालीका कारण राष्ट्रिय प्रसारण लाईनबाट आपूर्ति हुने बिजुलीको ठेगान नभएपछि केही वर्ष पहिले मात्र उनले ऋण–धन गरेर आफू बस्दै आएको छाप्रोमा पनि सौर्य विद्युत प्रणाली राखेका छन् । हाल आम्दानी बढ्न थालेपछि पुरानो ऋण तिर्न र समय–समयमा लाग्ने मर्मत संभार खर्चका लागि पनि उनलाई निकै सजिलो भएको छ । हिफाजतका साथ प्रयोग र आवश्यकता अनुसार मर्मत संभार गरिरहेकाले उनको सौर्य विद्युत प्रणालीले अहिलेसम्म पनि नयाँले जत्तिकै काम गर्नुका साथै यसबाट मासिक रूपमा खर्च हुने सयौं रूपैंया बिद्युत महशुल समेत जोगाएको छ ।

## नियमित मर्मतसम्भारले गर्दा निकै पुरानो गोबर ग्यााँस पनि चलिरहेकोछ, लोकबहादुरकोमा

नयाँ प्रविधि भनेपछि हुरुक्कै हुने लोकबहादुरले झण्डै बीस बर्ष पहिले जडान गरेका गोबर ग्यााँस पनि अहिलेसम्म राम्रै अवस्थामा चलाइरहेका छन् । खासगरी समय–समयमा गर्नुपर्ने मर्मतसम्भार र यसका लागि लाग्ने केही खर्चमा कन्जुस्याई नगरेकै कारण निर्माण भएको करिब २० बर्षसम्म पनि उनको गोवर ग्यााँस चलीरहेको छ । ३ वर्ष पहिले भूकम्पका कारण क्षति पुगेको प्रणालीलाई उनले मर्मत गराए पछि मात्र पुनः सञ्चालनमा आएको हो । यसबाट खासगरी उनकी श्रीमतीलाई निकै फाईदा भएको उनीकी श्रीमती बताउँछिन् ।



## गाउँमै बसेर कर्म गर्ने हो भने महिनाको ४०-५० हजार कमाउन विदेश धाउनै पर्दैन

बेथानचोक १, च्याम्राङबेशी, काभ्रे निवासी २६ वर्षे विश्वबन्धु दाहाल गएको दुई वर्षदेखि कृषिकर्ममा रम्दै आएका छन् । उनले आफ्नो १२ कक्षाको पढाई सकेपछि जागिरको खोजी गरे । भनेजस्तो जागिर नभेटे पछि उनी साथीहरूसँग मिलेर वैदेशिक रोजगारीका सिलसिलामा मलेशिया पुगेका थिए । दुई वर्ष त्यहाँ काम गरेर खासै रम्न नसके पछि उनी आफ्नै देश, आफ्नै गाउँमा फर्किए अनि होमिए कृषिकर्ममा ।

हाल उनी स्नातक तहमा अध्ययनरत छन् । तीन वर्ष अघि गाउँमा वातावरणमैत्री गाउँ विकास कार्यक्रम सुरु भएसँगै विभिन्न प्रविधि तथा विकल्पहरूका बारेमा समेत जानकारी भएको विश्वबन्धुले बताए । त्यसैगरी विश्वबन्धुले ग्रामीण प्रविधि केन्द्रले विभिन्न समयमा सञ्चालनमा ल्याएको कृषिसम्बन्धी तालिममा सहभागी भई आफ्नो कृषिसम्बन्धी क्षमता अभिवृद्धि गर्न सफल भएका थिए । उनले कृषि कर्मलाई सहज बनाउन र व्यावसायिक रूपमा समेत अघि बढ्न पलास्टिक टनेल बनाई मौसमी तथा बेमौसमी तरकारी खेती गर्दै आएका छन् । खेतीपातीमा प्रयोग हुने मल उनी आफै तयार गर्छन् । उनले त्यसको लागि गड्यौले मल तथा प्राङ्गारिक मल तयार गर्ने गरेको बताए । साथै सिँचाइका लागि थोपा सिँचाइ र फिरफिरे सिँचाइ प्रविधिहरूको प्रयोग गर्दै आएका छन् । यसबाहेक उनले घरमा सुधारिएको चुलो समेत राखेका छन् । त्यसैगरी घरायसी प्रयोजनका लागि सौर्यबत्ती र गोवर ग्याँस जस्ता प्रविधि अवलम्बन गरेका छन् । कुखुरापालन,

भैसीपालन गर्नुका साथै घरमै लघु उद्यमका रूपमा खुवा बनाउने काम समेत गर्दै आएका छन् । यसरी कृषिकर्म र लघु उद्यमबाट विश्वबन्धु गाउँकै व्यस्त युवा कृषकहरूमा पर्दछन् । गाउँमै व्यस्तता बढेपछि उनले विदेश जाने सोचलाई चटक्कै छाडे । साथै उनको प्रगति र पौरख देखेर गाउँका अन्य युवाहरूले समेत उनको अनुसरण गर्न थालेका छन् ।

सुरूमा उद्यममा थालनी गर्नका लागि उनीसँग गतिलो आर्थिक स्रोत थिएन । जो कोहीले ऋण दिन समेत इन्कार गर्थे । पछि उनले गाउँमै रहेको नव प्रतिभा बहुउद्येश्यीय सहकारी संस्थाबाट कुखुरापालन र खुवा बनाउने उद्योगका लागि भनी २-२ लाखका दरले जम्मा ४ लाख ऋण लिई कामको थालनी गरे । कृषिकर्म र उद्यमले उनलाई सधै व्यस्त राख्ने गरेको र कमाई पनि राम्रै हुने हुँदा उनी उत्साहित भई आफ्नो नियमित कर्ममा अग्रसर भईरहेका छन् । उनको काममा बुबा, दुई भाउजूहरू र भतिजाहरूको समेत सहयोग रहेको उनले बताए । हाल उनी गाउँमै स्थापित गहुँवाली वीज वृद्धि समूहमा समेत आवद्ध छन् ।

अध्ययनका क्रममा खोजे जस्तो जागिर नपाएर विदेश भासिएका विश्वबन्धुलाई विस्तारै आफूजस्ता धेरै युवाहरूलाई गाउँमा नै रोजगार दिलाउने अठोट लिएका छन् । तर अवसरका बाबजुद पनि कमजोर वितरण प्रणालीका कारण बिजुली बत्तीको नियमितता नहुँदा कहिलेकाँही कुखुरापालनमा भने समस्या देखा पर्ने विश्वबन्धुले बताए । त्यसैगरी बाटोघाटोको अवस्था राम्रो नभएकाले खासगरी वर्षायाममा उत्पादनहरू नजिकको बजारसम्म पुर्याउन समेत कठिनाइ



विश्वबन्धु खुवा पकाउँदै



विश्वबन्धुको घरमा जडित बायो ग्याँस प्रणालि

हुने गरेको उनको अनुभव छ । उत्पादित वस्तुको बजारभाउ लागतको तुलनामा निकै कम हुनुका साथै बिचौलियाहरूको प्रभाव बढि रहनाले अझै चाहे अनुसारको लाभ पाउन नसकेको तितो अनुभव समेत उनीसँग छ । यति हुँदा–हुँदै पनि वार्षिक सबै खर्च कटाएर सरदर पाँच लाख आम्दानी गर्न सफल विश्वबन्धु भन्छन्, “यदि स्थानीय स्रोत र साधनको सही पहिचान गरी त्यसको समुचित उपयोग र व्यवस्थापन गरेको खण्डमा स्थानीय स्तरमै प्रसस्त अवसर सृजना गर्न सकिने रहेछ ।”



# थोरै मिहेनत, धेरै कमाई

६५ वर्षिया केवल प्रसाद दाहाल बेथानचोक–१, च्याम्राङबेशी, काभ्रेका स्थानीय कृषक हुन् । सानैदेखि कृषिकर्ममा होमिएका केवल भन्छन्, “कार्यक्रमबाट राम्रा–राम्रा ज्ञानमूलक, सीपमूलक कुराहरू त सिकियो तर आफ्नो त उमेरै ढल्किसक्यो । पहिले धेरै मिहेनत गर्दा पनि थोरै मात्र कमाई हुन्थ्यो तर अहिले त अलिकति दुःख गर्दा पनि राम्रै कमाई हुन्छ ।”

कृषिकर्म बाहेक केवलले सुधारिएको चुलो समेत प्रयोगमा ल्याएका छन् । त्यसै गरी वातावरण मैत्री गाउँ विकास परियोजनाको सहयोगमा उनले घरायसी प्रयोजनका लागि सौर्य बत्ती समेत जडान गरेका छन् । बदलिँदो समयसँगै कृषि प्रणालिमा आएको परिवर्तनलाई अवलम्बन गर्दै केवलले पलास्टिक टनेल, थोपा सिँचाइ, फिरफिरे सिँचाइ जस्ता प्रविधिहरू प्रयोगमा ल्याएका छन् । यी सुधारिएका र बदलिँदो प्रविधिहरू अवलम्बन गरी केवलले आफ्ना जिविकोपार्जन समेत सुधार्न सफल भएका छन् । खेतीपातीका लागि चाहिने प्राङ्गारिक मल समेत उनले आफैले तयार गर्ने गरेका छन् ।

च्याम्राङबेशीमा तीन वर्ष अघि वातावरणमैत्री गाउँ परियोजनाको सुरूवातसँगै विभिन्न वातावरणमैत्री प्रविधि तथा अभ्यासहरूका बारेमा अवगत हुँदै आफ्नो ज्ञान र सीपलाई समेत फराकिलो बनाउँदै अघि बढे, केवल । उनी गाउँमै सञ्चालित गहुँवाली वीजवृद्धि समूहमा आवद्ध भई अग्रणी कृषकका रूपमा अघि बढीरहेका छन् । उनको कर्ममा साथ दिने उनकी श्रीमती पनि छिन् । गाउँमा कुनै नयाँ प्रविधि भित्रियो कि त्यसका बारेमा बुझ्ने अनि


त्यसलाई अनुसरण गर्न केवल अघि सरी हाल्छन् । आर्थिक सामाजिक प्रतिष्ठाकै कारण गाउँमा गठन हुने कुनैपनि समुह वा समितिहरूमा उनी छुट्दैनन् ।

वृद्धावस्थामा समेत कृषिकर्ममा उनको सक्रियता देखेर गाउँका अन्य समेत छक्क पर्छन् । उनी भन्ने गर्छन्, "कृषिकर्म पहिले जस्तो कहाँ रह्यो र अहिले ! पहिले निर्वाहमुखी कृषि, खासगरी परम्परागत अन्नबाली नै जीविकोपार्जनको मुख्य श्रोत हुन्थ्यो । अहिले भने मौसमी, बेमौसमी बालीहरूको खेती गर्न पाइएको छ । कृषीमा आधुनिकीकरणसँगै श्रम र समयमा बचत भएपछि सामाजिक कार्यमा समेत मेरो सहभागीता बढेको छ ।"

वार्षिक खर्च कटाएर सरदर १ लाख आम्दानी हुने गरेको (टनेल खेतीबाट रु. ३५,०००, दुध उत्पादनबाट रु. ३५,००० र मौसमी, बेमौसमी तरकारी खेतीहरूबाट २५,०००) केवलले बताए । हाल आएर परिवारको आर्थिक अवस्था मजवुत हुँदै गएको र जिविकोपार्जनमा समेत सुधार आएको केवलले सगर्व सुनाए । आफैंले उत्पादन गरेका पौष्टिक आहार–विहारका कारण परिवारको स्वास्थ्य तन्दुरूस्त रहेको छ । भविष्यमा यसलाई अझै व्यापक रुपमा विस्तार गर्ने चाहना हुँदहुँदै पनि उमेरका कारण आफैंले चाँही धेरै मेहनत गर्न नसकेता पनि अरु श्रमीक लगाएरै भए पनि कृषिकर्ममा निरन्ताता दिइराख्ने अठोट केवलले लिएका छन् ।


टनेलमा खेतीकर्ममा व्यस्त दहाल दम्पती


गोठको सरसफाईमा व्यस्त दहाल दम्पती




# वातावरणमैत्री नमूना गाउँहरूमा अपनाइएका विभिन्न प्रविधि तथा अभ्यासहरु


लाभान्वित घरधुरी १०८




ग्रामिण प्रविधि केन्द्र (CRT/N) को पहलमा वातावरणमैत्री गाउँ विकास कार्यक्रम विगत तीन वर्षदेखि नमूनाको रूपमा काभ्रे जिल्लाको च्याम्राङ्वेशी, ढुङ्खर्क, र चलाल गणेशस्थान गाउँमा सञ्चालन भइरहेको छ । ग्रामिण प्रविधि केन्द्रले यस क्षेत्रमा स्थानीय साधन, स्रोत, श्रम र सीपको प्रयोग गरी नविकरणीय उर्जा, कृषि, वन तथा वातावरण संरक्षण, सरसफाई एवं फोहोर व्यवस्थापन जस्ता वातावरणमैत्री विभिन्न गतिविधिहरूको प्रवर्धन तथा विस्तार गर्दै आएको छ ।





सुधारिएको पानी घट्ट





हाइड्रोलीक र्‍याम पम्प




स्थान सार्न मिल्ने सुधारिएको चुल्हो





घरायसी सौर्य विद्युत प्रणाली




प्लास्टिक टनेल एवं प्राङ्गारिक खेतीसम्बन्धी कृषि अभ्यास





खेर जाने पानीको व्यवस्थापन तथा लघु–सिँचाइ प्रविधिहरू





माछा पोखरी




गोठ सुधार तथा मल मुत्र व्यवस्थापन




गोवर ग्याँस प्रणालीको मर्मत सम्भार एवं सञ्चालन




जैविक फोहोरबाट कम्पोस्ट मल निर्माण तथा प्रयोग




आकाशे पानी सङ्कलन




फलफूल तथा मूल्यवान वनस्पतीहरूको वृक्षारोपण

**ग्रामीण प्रविधि केन्द्र**
भनिमण्डल, ललितपुर, पो.ब.नं. ३६२५, फोन : ०१ ५५४७६२७, ५५४४७५८
इमेल : info@crtnepal.org, वेबसाइट : www.crtnepal.org